आज मिति २०७९ साल मंशिर महिनाको २९ गते विहान ८:०० बजे बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगाबहादुर तामाङज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका विषयहरुमा छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री गंगा बहादुर तामाङ | अध्यक्ष |
| श्री सरु लामा तामाङ | उपाध्यक्ष |
| श्री देवीलाल सापकोटा | सदस्य- सचिव |
| श्री हुप बहादुर खड्का | अध्यक्ष १ नं वडा कार्यालय |
| श्रीं छविलाल न्यौपाने | अध्यक्ष २ नं वडा कार्यालय |
| श्री रितेश तामाङ | अध्यक्ष ३ नं वडा कार्यालय |
| श्री सुर्जे तामाङ | अध्यक्ष ४ नं वडा कार्यालय |
| श्री श्री यादव ठकुरी | अध्यक्ष ५ नं वडा कार्यालय |
| श्री तेज बहादुर पराजुली | अध्यक्ष ६ नं वडा कार्यालय |
| श्री गृबिन्द्र कुमार चौंलागाई | अध्यक्ष ७ नं वडा कार्यालय |
| श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष ८ नं वडा कार्यालय |
| श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य |
| श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य |
| श्री रश्मी तामाङ | कार्यपालिका सदस्य |
| श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य |
| श्री देवकी भुजेल | कार्यपालिका सदस्य |
| श्री कविता काफ्ले | कार्यपालिका सदस् |

आमन्त्रित:

श्री केदार देवकोटा लेखा अधिकृत (अधिकृत सातौं)
श्री नारायण पराजुली (क. अ.)
श्री सुकुलाल तामाङ (का. सहायक)

प्रस्तावहरु

१. बलेफी गाउँपालिका चालु आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयनको अवस्थाको सम्बन्धमा समीक्षा र उपभोक्ता समितिबाट सञ्चालन गर्ने निर्माणका कार्यक्रमको सम्झौता गर्ने अवधि तोक्ने ।

२. बलेफी गाउँपालिकाको बाह्रौं गाउँसभा अधिवेशनको समय तोक्ने र आवश्यक तयारी गर्ने सम्बन्धमा।
३. देहायका विभिन्न कार्यविधिहरु छलफल र स्वीकृत गर्ने:

- गैर सरकारी संस्थाहरुसँग सहकार्य सम्बन्धी निर्देशिका, २०७९
- बलेफी गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९.
- विपद, खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७९.
- बलेफी गाउँपालिकाको विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९.

४. यस गाउँपालिकामा कार्यरत सबै असिष्टेण्ट सब इन्जिनियर, सब इन्जिनियर तथा इन्जिनियरहरुको लागि ईन्धन सुविधाको परिमाणमा वृद्धि गर्ने सम्बन्धमा।
५. यस गाउँपालिकाको वडा नं. १ जलविरेमा कृषि विकास तथा पशुसेवा उप-शाखा स्थापना गरी उक्त संस्थामा चाहिने आवश्यक औषधि, जनशक्ति तथा अन्य सामाग्रीको व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयबाट गरी जनतालाई सहज रुपमा कृषि तथा पशु सम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा।
६. बलेफी गाउँपालिकाको बा.२.झ. ४०३१ नम्बरको स्कार्पियो जीपको लागत अनुमान स्वीकृत गरि मर्मत गर्ने र भुक्तानी गर्ने ।
७. बलेफी गाउँपालिकाको सडक यातायात गुरुयोजनाको मस्यौदा माथि छलफल र स्वीकृती ।
८. स्वीकृत बार्षिक कार्यक्रमको प्याकेज बनाउने सम्बन्धमा।
९. बलेफी गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्ने ।
१०. सबै वडाहरुमा विद्युतीय हाजिरी मेशिनको व्यवस्था सम्बन्धमा।
११. न्यायिक समितिको लागि कानूनी सल्लाहकारको सूचना गर्ने ।
१२. गाउँपालिकाको प्रवक्ता तथा सूचना अधिकारी तोक्ने ।
१३. बलेफी गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७९ को दफा ७ को उपदफा २ को र दफा १३ को उपदफा २ को देहाय (ख) संशोधन गर्ने सम्बन्धमा ।
१४. बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७९" को छलफल र स्वीकृती सम्बन्धमा ।
१५. बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को चौथो संशोधन सम्बन्धमा ।

## निर्णयहरु

१. बलेफी गाउँपालिका चालु आ.व. २०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रमको कार्यान्वयनको अवस्थाको सम्बन्धमा समीक्षा तथा छलफल गर्दा एघारौं गाउँसभाबाट स्वीकृत आयोजना तथा कार्यक्रमहरुमध्ये उपभोक्ता समितिबाट सञ्चालन गर्ने निर्माणका कार्यक्रमको कार्यान्वयन प्रक्रिया ढिलो भएको बुझिएकोले आगामी २०७९ पौष मसान्तसम्म त्यस्ता कार्यक्रमहरुको सम्झौता गरी सक्न सम्बन्धित उपभोक्ता समितिलाई निर्देशन दिने ।

CamScanner

२. बलेफी गाउँपालिकाको आगामी गाउँसभा अधिवेशन मिति २०७९/०९/११ गते बलेफी गाउँपालिकाको खाडिचौर स्थित सभाहलमा सञ्चालन गर्ने ।

३. देहायका कार्यविधिहरु पारित गर्नेः-

- गैर सरकारी संस्थाहरुसँग सहकार्य सम्बन्धी निर्देशिका, २०७९
- बलेफी गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९.
- विपद, खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७९
- बलेफी गाउँपालिकाको विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९.

४. यस गाउँपालिकामा सञ्चालित निर्माणका कार्यक्रमहरुको संख्या अत्याधिक धेरै भएको र यस्ता कार्यक्रमहरुको लागत अनुमान तयार गर्ने, ड्रइङ्स डिजाइन बनाउने, सञ्चालित योजनाको निरन्तर अनुगमन मूल्याङ्कन गर्ने, मेजरमेन्ट लिने, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने लगायतका कार्यका लागि यस गाउँपालिकामा कार्यरत सबै असिष्टेण्ट सब इन्जिनियर, सब इन्जिनियर तथा इन्जिनियरहरुले पटक पटक फिल्डमा जानु पर्ने भएकोले गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका बमोजिम उपलब्ध गराउदै आएको इन्धनको परिमाणले नपुग हुने भन्ने गुनासो प्राप्त भएको हुँदा उक्त कार्यविधि बमोजिम प्राप्त गर्ने ईन्धनको परिमाणश पाँच लिटर इन्धन थप गरी उपलब्ध गराउने।

५. यस गाउँपालिकाको वडा नं. १ जलविरेमा कृषि विकास तथा पशुसेवा उप-शाखा स्थापना गरी उक्त संस्थामा चाहिने आवश्यक औषधि, जनशक्ति तथा अन्य सामाग्रीको व्यवस्था गरी जनतालाई सहज रुपमा कृषि तथा पशु सम्बन्धी सेवा उपलब्ध गराउने।त्यसको लागि यस कार्यालयको कृषि तथा पशुसेवा शाखामा कार्यरत एक जना स्थायी र एक जना करारका कर्मचारी व्यवस्था गर्ने ।

६. बलेफी गाउँपालिकाको बा.२.झ. ४०३१ नम्बरको स्कार्पियो जीपमा पटक पटक समस्या आउने गरेको, उक्त समस्या आउने कारण कारण पत्ता लगाउन बागमती अटोवर्क सप प्रा.लि. मध्यपुरठीमि-१, लोकन्थली भक्तपुरमा पठाइएकोमा बिग्रेका विभिन्न पाटपूर्जाहरु परिवर्तन गरेपछि गाडी चालु अवस्थामा आउने र त्यस्ता पाटपूर्जाहरु परिवर्तन गरी गाडीलाई चालु हालतमा ल्याउन रु ३,१९,२८१/५० लागत लाग्ने अनुमान भएकोले उक्त वर्कसपबाट प्राप्त लागत अनुमान स्वीकृत गरी गाडी मर्मत गर्ने र सो वापतको रकम उल्लेखित वर्कसफलाई भुक्तानी दिने।

७. बलेफी गाउँपालिकाको सडक यातायात गुरुयोजना निर्माण गर्ने जिम्मा लिएको परामर्शदाता कम्पनी **थ्रेस्होल्ड इन्जिनियरिङ सोलुशन प्रा.लि. नयाँ बानेश्वर काठमाडौंबाट** तयार भएको गुरुयोजनाको सम्बन्धमा भएको प्रस्तुतिकरण र सोको मस्यौदामाथि विस्तृत छलफल भई उक्त मस्यौदामाथि छलफल हुँदा यस बैठकले दिएका सामान्य सुझावहरु समेत समावेश गरी तयार भएको गुरुयोजनाको पूर्णप्रति प्राप्त भएकोले बलेफी गाउँपालिका सिन्धुपाल्चोकको **सडक यातायात गुरुयोजना, २०७९** स्वीकृत गर्ने र सम्झौता बमोजिमको रकम उक्त प्रा.लि.लाई भुक्तानी दिने।

CamScanner

८. यस गाउँपालिकाको चालु आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रममध्ये वडा नं. ३ को देहयाका कार्यक्रमलाई देहाय बमोजिमको प्याकेज बनाई देहायका नामबाट सोझै खरिद विधि अपनाई निर्माण कार्य सम्पन्न गर्ने:-

- प्रतिक्षालय निर्माण फुसिङडांडा वडा नं ३ भन्ने कार्यक्रमको रु. १,००,०००/, भिमसेन मा.वि. भवंन मर्मत सम्भारको रु. ३,००,०००/-, सेतीदेवी मन्दिर निर्माणको रु. १,००,०००/- र तिङथली प्रतिक्षालय निर्माणको रु. १,००,०००/- गरी जम्मा रु ६,००,०००/- को **प्रतिक्ष्यालय र मन्दिर निर्माण तथा मा.वि. भवन निर्माण .**
- माथिल्लो घुमसुङे सिंचाई निर्माणको रु. २,००,०००/- र छुरी, डाउ, पुर्खाङ खेत सिंचाईको रु. २,००,०००/- गरी रु. ४,००,०००/- को **सिंचाई कार्यक्रम**, र
- सिमासिङ सडक मर्मतको रु. २,००,०००/-, र च्यानडांडा टयांकीडांडा सडक निर्माणको रु. २,००,०००/- गरी जम्मा रु ४,००,०००/- को **सडक निर्माण तथा मर्मत** ।

९. बलेफी गाउँपालिकालाई आगामी आ.व. २०८२/०८३ भित्र बलेफी गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्ने ।

१०. यस गाउँपालिकाका सबै वडाहरुमा विद्युतीय हाजिरी मेशिनको व्यवस्था गरी सोही मेशिनमा मात्र कर्मचारीले हाजिरी गर्ने व्यवस्था मिलाउने ।

११. यस गाउँपालिकाको न्यायिक समितिको लागि कानूनी सल्लाहकारको अत्यावश्यक भएकाले १५ दिने सूचना गरी कानूनी सल्लाहकार करारमा नियुक्ति गर्ने ।

१२. यस गाउँपालिकाको वडा नं ८ का वडा अध्यक्ष श्री रमेश कुमार श्रेष्ठलाई यस गाउँपालिकाको प्रवक्ता तथा सूचना अधिकारी तोक्ने ।

१३. बलेफी गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७९ को दफा ७ को उपदफा २ को देहाय (ख) को "अध्यक्ष"को सट्टा "गाउँपालिकाको क्षेत्रभित्र आफै र गाउँपालिकाको क्षेत्र बाहिर अध्यक्ष" भन्ने शब्दहरु तथा उक्त निर्देशिकाको दफा १३ को उपदफा २ को देहाय (ख) को सट्टा देहायको (ख) राखी कार्यसञ्चालन निर्देशिका संशोधन गर्ने:-

**"(ख) कार्यक्रम संचालन गर्ने स्थानीय तहभन्दा वाहिरबाट प्रशिक्षक तथा स्रोत व्यक्ति बोलाउनु परेमा निजले नियमानुसार आतेजातेको यातायात खर्च र नेपाल सरकारको उपसचिव स्तरले प्राप्त गर्ने दैनिक भ्रमण खर्च तथा कार्यपत्र निर्माण तथा तयारी वापत प्रति कार्यपत्र एक हजार रुपैयाँ र सेसन सञ्चालन वापत प्रति सेसन तीन हजारका दरले दैनिक तीन सेसनको भुक्तानी लिन सक्नेछन्।"**

१४. बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७९" पारित गर्ने ।

१५. बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकाले देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो:-

CamScanner

८. यस गाउँपालिकाको चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रममध्ये वडा नं. ३ को देहायका कार्यक्रमलाई देहाय बमोजिमको प्याकेज बनाई देहायका नामबाट सोझै खरिद विधि अपनाई निर्माण कार्य सम्पन्न गर्ने:-

- प्रतिक्षालय निर्माण फुसिङडांडा वडा नं ३ भन्ने कार्यक्रमको रु. १,००,०००/, भिमसेन मा.वि. भवंन मर्मत सम्भारको रु. ३,००,०००/-, सेतीदेवी मन्दिर निर्माणको रु. १,००,०००/- र तिङथली प्रतिक्षालय निर्माणको रु. १,००,०००/- गरी जम्मा रु ६,००,०००/- को **प्रतिक्ष्यालय र मन्दिर निर्माण तथा मा.वि. भवन निर्माण** ,
- माथिल्लो घुमसुडे सिंचाई निर्माणको रु. २,००,०००/- र छुरी, डाउ, पुर्खाङ खेत सिंचाईको रु. २,००,०००/- गरी रु. ४,००,०००/- को **सिंचाई कार्यक्रम**, र
- सिमासिङ सडक मर्मतको रु. २,००,०००/-, र च्यानडांडा टयांकीडांडा सडक निर्माणको रु. २,००,०००/- गरी जम्मा रु ४,००,०००/- को **सडक निर्माण तथा मर्मत** ।

९. वलेफी गाउँपालिकालाई आगामी आ.व. २०८२/०८३ भित्र वलेफी गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्ने ।

१०. यस गाउँपालिकाका सबै वडाहरुमा विद्युतीय हाजिरी मेशिनको व्यवस्था गरी सोही मेशिनमा मात्र कर्मचारीले हाजिरी गर्ने व्यवस्था मिलाउने ।

११. यस गाउँपालिकाको न्यायिक समितिको लागि कानूनी सल्लाहकारको अत्यावश्यक भएकाले १५ दिने सूचना गरी कानूनी सल्लाहकार करारमा नियुक्ति गर्ने ।

१२. यस गाउँपालिकाको वडा नं ८ का वडा अध्यक्ष श्री रमेश कुमार श्रेष्ठलाई यस गाउँपालिकाको प्रवक्ता तथा सूचना अधिकारी तोक्ने ।

१३. बलेफी गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७९ को दफा ७ को उपदफा २ को देहाय (ख) को "अध्यक्ष"को सट्टा "गाउँपालिकाको क्षेत्रभित्र आफै र गाउँपालिकाको क्षेत्र बाहिर अध्यक्ष" भन्ने शब्दहरु तथा उक्त निर्देशिकाको दफा १३ को उपदफा २ को देहाय (ख) को सट्टा देहायको (ख) राखी कार्यसञ्चालन निर्देशिका संशोधन गर्ने:-

**"(ख) कार्यक्रम संचालन गर्ने स्थानीय तहभन्दा बाहिरबाट प्रशिक्षक तथा स्रोत व्यक्ति बोलाउनु परेमा निजले नियमानुसार आतेजातेको यातायात खर्च र नेपाल सरकारको उपसचिव स्तरले प्राप्त गर्ने दैनिक भ्रमण खर्च तथा कार्यपत्र निर्माण तथा तयारी बापत प्रति कार्यपत्र एक हजार रुपैयाँ र सेसन सञ्चालन बापत प्रति सेसन तीन हजारका दरले दैनिक तीन सेसनको भुक्तानी लिन सक्नेछन्।"**

१४. बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७९" पारित गर्ने ।

१५. बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकाले देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो:–

CamScanner

क. बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ (यस पछि मूल कार्यविधि भनिएको) को दफा २१ सट्टा देहायको दफा २१ राखेः-

दफा २१. विद्यालय व्यवस्थापन समितिको गठनः- (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेका एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

क. गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, विद्यालय रहेको वडाको वडा अध्यक्ष तथा जनप्रतिनिधि, विद्यालयको अभिभावक, स्थानीय शिक्षा प्रेमी, शिक्षाविद, स्थानीय बुद्धिजिवीहरुमध्येबाट सम्बन्धित वडाका वडा अध्यक्षको परामर्शमा गाउँपालिकाका अध्यक्षले मनोनयन गरेको ब्यक्ति................................ अध्यक्ष ।

ख.. विद्यालयको अभिभावकहरुमध्येबाट कम्तिमा एक जना महिला सहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको ३ जना........................................सदस्य

ग. विद्यालयको संस्थापक, चन्ददाता, स्थानीय समाजसेवीहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना................................................सदस्य

घ. विद्यालयमा कार्यरत शिक्षकहरुमध्येबाट छानी पठाएको एकजना शिक्षक.................................सदस्य

ङ. विद्यालयको प्रधानाध्यापक..............................................सदस्य सचिव

(२) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रक्रिया पुऱ्याई विगठन गर्न सक्नेछ। तर त्यसरी विगठन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) को (क),(ख) र (ग) बमोजिम गठीत व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि ३ वर्षको हुनेछ ।

(४) उपदफा (१) को (ख)र (ग) बमोजिम व्यवस्थापन समितिका पदाधिकारीहरुको मनोनित गर्दा गाउँपालिकाका अध्यक्षसंग समन्वय गरी गर्नु पर्नेछ ।

ख. मूल कार्यविधिको दफा ४० को उपदफा (१) को सट्टा देहाएको उपदफा (१) राखेः

उपदफा (१) सामुदायिक विद्यालयको स्वीकृत दरबन्दी, राहत अनुदान कोटा र शिक्षण सहयोग अनुदान र विद्यालय कर्मचारीहरुको करारमा शिक्षक व्यवस्थापन गर्न देहाय बमोजिमको शिक्षक व्यवस्थापन समितिले रहनेछः-

(क) गाउँपालिका अध्यक्ष..........................संयोजक

(ख) सम्बन्धित विषय/तहका विषयगत विज्ञहरुमध्येबाट गाउँपालिकाले तोकेको दुई जना....................................................सदस्य

(ग) शिक्षा अधिकृत................................सदस्य सचिव

(२) खण्ड (ख) बमोजिमको विषय विज्ञ शिक्षा विकास तथा समन्वय इकाइबाट अनिवार्य रुपमा विषय विशेषज्ञको प्रमाणपत्र लिएको हुनु पर्नेछ ।

CamScanner

(३) एक पटक करार सूचीमा सूचीकृत भएका उम्मेदवारले २ वर्षसम्म सूचीकृत भएको पदमा काम गर्न पाउनेछन् ।

(४) परीक्षासँग सम्बन्धित काम शिक्षा शाखाका कर्मचारीहरूले गर्ने छन् ।

(५) परीक्षा सम्बन्धी काममा खटिएका पदाधिकारी तथा कर्मचारीहरूलाई गाउँपालिकको करारमा राखिने कर्मचारी छनौट गर्ने समितिले प्राप्त गर्ने सरहको सुविधा उपलब्ध हुनेछ ।

(६) शिक्षक व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकाले शिक्षक बैंकका रुपमा तहगत र विषयगत शिक्षकहरूको करार सूची तयार गर्नका लागि ३० दिनको समय अवधि उपलब्ध. गराई दरखास्तको सूचना जारी गर्ने।

(ख) उम्मेदवारबाट आवश्यक कागजपत्र सहित पेश हुन आएका दरखास्तहरूको अध्ययन गर्ने र सम्भाव्य उम्मेदवारको नाम प्रकाशित गर्ने ।

(ग) परीक्षा संचालन र व्यवस्थापन गर्ने ।

(घ) परीक्षा लिखित, मौखिक र आवश्यकता परेमा प्रयोगात्मक परीक्षा समेत हुनेछ ।

(ङ) शिक्षक सेवा आयोगले तोकिएको पाठ्यक्रममा थप वा घटाउन पाउने छैन ।

(च) योग्यताका आधारमा नतिजा प्रकाशित गर्ने र गाउँपालिका शिक्षा शाखामा करार सूची अभिलेखिकरण गर्ने।

(छ) विद्यालयमा रिक्त भएका दरबन्दीमा उक्त करार सूचीमा भएका उम्मेदवारलाई मेरिटका आधारमा विषय तथा तह मिलान हुने गरी विद्यालयमा पठाउने ।

(ज) विद्यालयमा नियुक्ति दिई हाजिर गराएको मितिबाट गाउँपालिकाले तलब भत्ता उपलब्ध गराउने छ ।

(झ) विद्यालयमा रिक्त हुने तहगत विषयगत दरबन्दीका र विद्यालयको आवश्यकताका आधारमा करार सूची अद्यावधिक गरिनेछ ।

१६.यस गाउँपालिकाको गत आ.व. २०७८/०७९ मा ठेक्का प्रक्रिया सुरु भई निर्माणाधिन Construction of Masonary Wall and Access Road to Palika Building को सम्झौता बमोजिमको कार्य सम्पन्न गर्ने अवधि २०७९ मंसिर मसान्तसम्म तोकिएकोमा यस वर्षको वर्षायाममा निर्माण स्थलसम्म निर्माण सामग्री र निर्माणसँग सम्बन्धित ठूला मेशिनहरु ल्याउन लैजान सम्भव नभएकोले सम्झौताको अवधि थप गरिदिने भन्ने विषयको निर्माण व्यवसायिको मागको सम्बन्धमा यस बलेफी गाउँ कार्यपालिकाको कार्यालयका इन्जिनियर सहितको टोलि खटाई साइट सुपरभिजन गर्दा निर्माण व्यवसायीको दावी पुष्टि भएको बुझिएकोले उक्त कार्यको सम्झौता अवधि थप गर्न प्राविधिक टोलिको सिफारिस भएकोले उक्त सम्झौताको अवधि २०७९ सालको फाल्गुण ३० गतेसम्म थप गर्ने ।

१७. बलेफी गाउँपालिकाको मिति २०७९/५/६ गतेको निर्णयबाट यस गाउँपालिकाको वडा नं ५ को सामाजिक सुरक्षा भत्ता सिन्धु विकास बैंक खाडिचौर शाखा सिन्धुपाल्चोकबाट वितरण गर्ने गरी भएको निर्णयबाट उक्त वडाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई अपायक परेको भन्ने जनगुनासो प्राप्त भएकोले यस गाउँपालिकाको वडा नं ५ का सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको भत्ता यस गाउँपालिकाको खाडिचौर स्थित एन.आई.सि. एसिया बैंकबाट वितरण गर्ने व्यवस्था मिलाउने।

CamScanner